"समृद्ध जहदाको आधार शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

# जहदा गाउँपलिका

गाउँसभाबाट पारित

# आ.व. ०८३/०८४ को नीति

गाउँसभामा प्रस्तुत मितिः २०८३/०३/१०

जहदा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यलय,

मझारे, मोरङ

कोशी प्रदेश, नेपाल



Scanned with CamScanner

यस गरिमामय गाउँसभा अधिवेशनका सभाअध्यक्ष एवं गाउँपालिका अध्यक्षज्यू,
सम्पूर्ण सभा सदस्य ज्यूहरु

यस गरिमामय गाउँसभाको एघारौं अधिवेशन समक्ष गाउँपालिका उपाध्यक्षको हैसियतले यस सभा समक्ष जहदा गाउँपलिकाको आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।यस सुखद अवसरमा राष्ट्रमा लोकतन्त्र प्राप्ति, गणतन्त्र स्थापना र मानव अधिकारको लागि समय समयमा भएका राजनीतिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु ।

हाल मुलुकमा देखा परेको आर्थिक समस्याको कारण बजेटमा आएको संकुचनले गर्दा हामी सवैलाई प्रभावित पारेको छ । सिमित बजेट उपर रहेको असिमित माग तथा आवश्यकताहरुको सम्बोधन गर्न निश्चय नै चुनौतिपूर्ण हुन्छ। तर राज्यले लिएको "समृद्ध नेपाल सुखी नेपाली"को नारालाई आत्मसाथ गर्दै सोही अनुरुप योजना तथा कार्यक्रम ल्याउनुको विकल्प छैन ।

यस गाउँपालिकामा विविध समस्या र चुनौतीहरु सँगसँगै अवसरहरु पनि छन जसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ, त्यस तर्फ हामी सम्पूर्ण जनप्रतिनिधिहरु प्रतिबद्धताका साथ लागिपरिरहेकै छौं। स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा जहदावासीको इच्छा र आवश्यकतालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत् समग्र जहदा गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियान्ताहरु, उद्योग व्यवसायीहरु, सम्पूर्ण कर्मचारी वर्ग, सञ्चारकर्मीहरु तथा समाजसेवीहरु प्रति आभार व्यक्त गर्दछु ।

अव म चालु आ.व. ०८२/०८३ को हालसम्मको प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण पेश गर्न चाहान्छु।

(क)कृषि विकास तर्फ मुख्य उपलब्धिहरु:

१. ५० प्रतिशत अनुदानमा ६४ जना कृषकहरुलाई ईलेक्ट्रिक मोटर वितरण सम्पन्न भएको।
२. ५० प्रतिशत अनुदानमा गहुं र धानको विउ वितरण कार्य सम्पन्न भएको ।
३. ५० प्रतिशत अनुदानमा कृषि सामग्री तथा यन्त्र वितरण कार्य सम्पन्न भएको ।
४. ६० प्रतिशत अनुदानमा ९७ जना किसानहरुलाई पावर स्प्रे वितरण कार्य सम्पन्न भएको
५. सिंचाईका लागि विधुतीकरणका लागि ठेक्का सम्झौता भई कार्य सञ्चालन भईरहेको ।

(ख) पशु सेवा शाखा तर्फ मुख्य उपलब्धिहरु:

१. निःशुल्क पशु कृत्रिम गर्भाधारण कार्यक्रम सञ्चालनलाई यस आ.व.मा पनि निरन्तरता दिईएको ।
२. ५० प्रतिशत अनुदानमा कुटी काट्ने मेसिन (च्याप कटर) मेशिन वितरण कार्यक्रम सम्पन्न भएको

Scanned with CamScanner

३. पशुपन्छी पालक किसानहरुका लागि निःशुल्क औषधि वितरण गरिएको ।

४. गाउँपालिकामा रहेका छाडा भुस्याहा १०४ वटा कुकुरलाई बन्ध्याकरण कार्यक्रम सम्पन्न भएको

**(ग) उद्योग, वाणिज्य, लघु उद्यम तथा रोजगार तर्फ मुख्य उपलब्धिहरुः**

१. जहदा गाउँपालिकाका १६५ जना बेरोजगारहरु सूचीकृत भई जसमध्ये ७ आयोजनामा ४९ जना बेरोजगारहरुलाई रोजगारको व्यवस्था सिर्जना गरिएको ।

२. गाउँपालिकाबाट बैदेशिक रोजगार कल्याणकारी सेवा शुरुवात गरिएको,जस्मा ३ जनाले श्रम स्वीकृतीको निवेदन पेश गरिएको र तिनै जनालाई श्रम स्वीकृती सहजीकरण गरिएको ।

३. श्रम, संचार पोर्टलको माध्ययमबाट रोजगारदाता र रोजगार खोजीकर्ता बिचको समन्वयकारी कार्यको सुरुवात गाउँपालिकाबाट शुरु भएको ।

४. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुलाई अचार बनाउने तालिम र ८ जनालाई सिलाई कटाई तालिम दिएको।

**(घ) शिक्षा शाखाको मुख्य उपलब्धिहरुः**

१. जहदा गाउँपालिकामा रहेका सम्पुर्ण माध्यमिक विधालयहरुमा सिसी क्यामेरा तथा सम्पुर्ण सामुदायिक विद्यालयहरुमा ई- हाजिरी जडान गरी कार्यान्वयनमा ल्याएको।

२. विद्यालयहरुको भौतिक पूर्वाधार व्यवस्थापन अन्तर्गत ६ वटा विद्यालय भवनको छानो मर्मत गरिएको ।

३. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न ८ वटा विद्यालयहरुलाई ल्यापटप,प्रिन्टर तथा विभिन्न विद्यालयहरुलाई ६० वटा सिलिङ पंखा जडान गरिएको ।

४. शैलजा आचार्य पोलिटेक्निक स्मृति प्रतिष्ठान, जहदा-४ मा अध्ययनरत जहदावासी विद्यार्थीहरुलाई ३० देखि ५० प्रतिशत सम्म छात्राबृत्ति प्रदान गरीएको, सामूदायीक विद्यालयका विज्ञान विषयमा कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गरिदै आएको र ऋषिदेव समुदायका उच्च शिक्षा अध्ययनरत छात्राहरुलाई छात्राबृत्ति प्रदान गरिएको ।

५. शिक्षित युवाहरुलाई सरकारी सेवामा प्रवेशका लागि शिक्षक सेवा आयोग र लोकसेवा आयोग कक्षा सञ्चालन गरेको ।

६. अभिभावकहरुको चाहानालाई मध्यनजर गरी सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई वार्षिक रुपमा अनुदानको व्यवस्था गरिएको।

७. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नका लागि अभिभावक शिक्षा, भर्ना दर बृद्धि गर्नका लागि विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गरिएको ।

८. श्री सार्वजनिक माध्यमिक विधालय जहदा ४ मा कक्षा १२ को परीक्षा केन्द्र कायम गर्न सफल भएको ।

९. जहदा गाउँपालिका अन्तर्गतका विभिन्न विधालयहरुमा स्काउट कार्यक्रम सञ्चालन गरिएको ।

Scanned with CamScanner

Scanned with CamScanner



१०. विभिन्न विधालयहरुमा स्वच्छ खानेपानीको व्यवस्थापनलाई निरन्तरता दिँदै यस आ व मा थप ३ विधालयहरुमा स्वच्छ खानेपानी व्यवस्थापन गरिएको ।

११. जहदा गाउँपालिकाको भौगोलिक, सामाजिक,सौंस्कृतिक, राजनैतिक र धार्मिक अवस्थाको जानकारी गराउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण गरी कक्षा १ देखि ५ सम्मको पाठ्यक्रममा समावेश गरी लागू गरिएको ।

(ङ) स्वास्थ्य तर्फ मुख्य उपलब्धिहरु:

१. जहदा वासीहरुका लागि नेपाल रेडक्रस सोसाईटीसँगको साझेदारीमा निःशुल्क रगत उपलब्ध कार्यलाई निरन्तरता दिदै आएको ।

२. मझारे आधारभुत अस्पतालमा मेडिकल अधिकृतको व्यवस्था गरी स्वास्थ्य सेवा प्रदान गरिएको ।

३. वडा नं.१ बुधनगरमा र वडा नं. ५ मझारेमा रहेको स्वास्थ्य चौकीबाट बर्थिङ सेवा सञ्चालनका लागि आवश्यक लजिस्टीक र कर्मचारी व्यवस्थापन गरिएको ।

४. मझारे स्वास्थ्य चौकीमा रहेको ल्यावबाट सेवा सञ्चालनमा निरन्तरता दिएको ।

५. पोषण कार्यक्रम अन्तर्गत सम्पुर्ण गर्भवति महिलाहरुलाई गर्भ रहेको चौयो महिनादेखि सुत्केरी हुँदासम्मको अवधिमा पोषण प्याकेज वितरण कार्यक्रमलाई निरन्तरता दिएको ।

६. सुत्केरी महिलाको घरमा नै गएर जाँच गरेको कारण सुत्केरी महिला र नवजात शिशुमा हुने मृत्यु दरमा कमी आएको ।

७. निःशुल्क औषधी तथा औषधीजन्य सामग्रीहरु खरिद एवं वितरण गरिएको ।

८. महिला स्वास्थ्य स्वंम सेविकाहरुलाई मासिक भत्ता, सम्मान कार्यक्रमद्वारा प्रोत्साहित गरिएको ।

९. महिलाहरुको पाठेघर अप्रेसन सहयोग, मृगौला रोगरुहरुलाई मासिक भत्ता र मोतीयाविन्दु अप्रेसन अनुदान कार्यक्रम सञ्चालनमा ल्याईएको ।

१०.गर्भवती महिलाका लागि मासिक गर्भ जाँच तथा घुम्ती भिडियो एक्सरे सेवा प्रदान गरी निःशुल्क क्यालसियम चक्की उपलब्ध गराएको ।

११.बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम अन्तर्गत पोषण मैत्री नमुना टोल तथा पोषण मैत्री स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा पोषण सामग्री सहित पोषिलो झोला,शुद्ध पिउने पानीको लागि सेरामिक फिल्टर, फोहर व्यवस्थापनका लागि डस्टविन, विभिन्न रोगहरुबाट वच्न मेडिकेटेड झुल जस्ता सामग्रीहरु वितरण गरिएको ।

(च) विपद व्यवस्थापन तर्फ मुख्य उपलब्धिहरु:

१. गाउँपालिका स्तरीय विपद व्यवस्थापन कोषको स्थापना गरी विपदमा परेका नागरिकहरुलाई सोही कोष मार्फत सहायत वितरण गरिएको ।

२. विपद व्यवस्थापनको पूर्व तयारीका लागि रेडक्रससँगको साझेदारीमा आवश्यक सामग्री खरिद गरी वडा स्तरिय विपद व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको ।

३. विपद पूर्व तयारीका लागि सचेत गराउने उद्देश्यले नेपाल रेडक्रस सोसाईटीको साझेदारीमा वडा नं.७ स्थित निर्माणधिन संथाल संग्राहलय भवनमा साईरन जडान गरिएको ।

**(छ) न्यायीक समिति तर्फ मुख्य उपलब्धिहरुः**

१. न्यायीक समितिका सदस्य तथा मेलमिलापकर्ताहरुलाई ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको।

२. धार्मिक गुरुहरुलाई कानून सम्बन्धि ३ दिने सचेतना अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको ।

३. न्याय समितिको काम कारवाहीलाई प्रविधिमैत्री बनाउनको लागि न्याय सम्बन्धि सफ्टवेयर खरिद गरी कार्यान्वयनमा ल्याएको ।

४. गत आ.व.को अल्या मुद्दा संख्या २२ र हालसम्म दर्ता भएका ७१ गरी ९३ वटा मुद्दामध्ये ६६ वटा न्यायिक समिति मार्फत फर्छौंट भई २७ वटा बाँकी रहेको ।

**(ज) महिला तथा बालवालिका शाखा तर्फ मुख्य उपलब्धिहरुः**

१. विपन्न दलित वर्गका महिलाहरुवाट छोरीको जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन कार्यक्रम अन्तर्गत ५ हजारका दरले २२ जना महिलाहरुलाई आर्थिक प्रोत्साहन गरेको ।

२. लैंगिक हिंसा विरुद्को १६ दिने अभियान संचालन तथा चेलीबेटी बेचबिखन विरुद् सचेतनामुलक कार्यक्रम विभिन्न मितिमा गाउँपालिका, वडा र वस्ती स्तरमा संचालन गरेको ।

३. बालवालिका सम्वन्धि हक अधिकारको संरक्षण गर्नका लागि पालिका स्तरीय तथा वडा स्तरीय गरी जम्मा ८ वटा बाल अधिकार समिति गठन परिचालन तथा ब्यवस्थापन गरिएको ।

४. ज्येष्ठ नागरिकहरुलाइ परिचय पत्र वितरण शिबिर तथा सम्मान कार्यक्रम अन्तर्गत ४००० जना ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गरिएको ।

५. पहेँलो कार्ड प्राप्त अपाङ्गता भएका व्यक्तिहरुलाई चाडपर्व खर्च वापत ६६ जनालाई ३१००/- दर वितरण गरिएको ।

६. १० जना अपाङ्गताहरुलाई उपचार सहयोग, ५ जनालाई श्रवण यन्त्र वितरण गरिएको।

**(झ) पूर्वाधार विकास तर्फ मुख्य उपलब्धिहरुः**

१. प्रदेश सरकारसँगको लागत साझेदारीमा प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको

२. संघीय सरकारको लागत साझेदारीमा १५ शैया अस्पताल निर्माण कार्य सम्पन्न गरी अस्पताल सञ्चालनको प्रकृयामा रहेको ।

३. सन्थाल जातीहरुको संस्कृतिको पहिचान र संरक्षणका लागि संघीय सरकारको लागत साझेदारीमा निर्माणधिन सन्थाल संग्राहलयको भवन निर्माण कार्य सम्पन्नको चरणमा रहेको ।

Scanned with CamScanner

Scanned with CamScanner



४. वडा नं. ३ स्थित जुडीखोलामा पक्की पूल निर्माण कार्य सम्पन्न भएको ।

५. वडा नं.१ देखि ७ सम्मका विभिन्न सडकहरु कालोपत्र, ग्राभेल र नाला निर्माण गरी सडकहरुको स्तरोन्नतीका लागि ठेक्का सम्झौता भई निरन्तर रुपमा निर्माण कार्य भई रहेको ।

६. सुरक्षा व्यवस्थापनका लागि गाउँपालिकाका विभिन्न ५ स्थानमा हाईमास लाईट जडान गरी सम्पुर्ण वडाहरुमा सडक बत्ती व्यवस्थापनका लागि ठेक्का सम्झौता भई सम्पन्नको चरणमा रहेको।

७. संघीय सरकार सशर्त अनुदान अन्तर्गत वडा नं.२ स्थित श्री मा.वि.,वैरियामा चारकोठे भवन निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य सुचारु भईरहेको ।

८. वडा नं. ७ मा वडा कार्यालय भवनको दोश्रो तल्ला निर्माणका लागि ठेक्का सम्झौता भई कार्य भईरहेको र आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको कार्य सम्पन्न भई सोही भवनबाट सेवा सञ्चालन सुचारु भएको।

९. गाउँपालिकाका ७ वटै वडाहरुमा रहेका विभिन्न मठ-मन्दिरहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न गरिएको ।

१०. साहास नेपालको साझेदारीमा खानेपानी ट्युवेल जडान कार्य सम्पन्न भएको ।

(ञ) संस्थागत विकास सेवा,प्रवाह तथा सुशासन तर्फ मुख्य उपलब्धिहरु:

१. गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु छिटो छरितो र सरल रुपमा प्रदान गर्नका लागि गाउँपालिकावडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाईएको । ,

२. महालेखा परिक्षकको प्रतिवेदनमा नियमित गर्नुपर्ने बेरुजु नियमित गरी फछ्र्यौट गरिएको साथै विगत आ.व.देखि असुल उपर गर्नुपर्ने भनि औंल्याएका वेरुजुहरु पनि असुल उपरको प्रकृयामा रहेको ।

३. गाउँपालिकाको आवधिक योजना तयार गरी सोही बमोजिम वार्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गरिएको ।

४. जनताहरुलाई प्रविधि तथा नेटमा समान पहुचको लागि यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाका विभिन्न स्थानहरुमा फ्री वाईफाई जडान गरी संचालनमा ल्याएको ।

५. जहदा गाउँपालिकामा रहेका जेष्ठ नागरिक एकल महिला,पूर्ण अपाङ्गता, विधुवा, बालवालिका सहित ३६५२ जना लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।

सम्मानित सभा समक्ष अब म क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व. ०८२/०८३ को शुरुवाती सँगै भएको जेनजी आन्दोलन, अन्तराष्ट्रिय द्वन्दले ईन्धन आपूर्तिमा असहज भएका कारण पूर्वाधार निर्माण लगाएतका गाउँपालिकाबाट यस आ.व.मा सम्पन्न गर्ने भनि तय भएका विभिन्न कार्यक्रमहरु सम्पन्न गर्न कठिनाई भएको र यों असहजता आगामी दिनहरुमा निरन्तर रहिरहने अवस्था देखिएको भएता पनि विगत आ.व.मा झै यस आ.व. मा पनि जहदा वासीहरुको असिमित आवश्यकताहरुलाई संघीय सरकार, प्रदेश सरकारको अनुदान तथा स्थानीय सरकारको स्थानीय

Scanned with CamScanner

**"समृद्ध जहदाको आधार शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"**

श्रोतहरुबाट सम्बोधन हुने गरी जहदा गाउँपालिकाको आवधिक योजना तथा मध्यकालिन खर्च संरचनालाई अनुशरण गर्दै आवधिक योजनाले लक्षित गरेका कार्यक्रम/योजनालाई सम्बोधन हुने गरी ***"समृद्ध जहदाको आधार: शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"*** भन्ने नारालाई निरन्तरता दिदै यस आ.व.का लागि देहाय बमोजिमका नीतिहरु प्रस्तुत गर्दछु।

## आ.व. २०८३/०८४ को नितिहरु

### (क) पूर्वाधार विकास तर्फका नीतिहरु

१. ग्रामिण क्षेत्रका विपन्न तथा गरिव नागरिकहरुलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले १५ शैया सहितको आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न भई सकेकोले उक्त अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति र लजिष्टिकको व्यवस्थाको लागि संघीय सरकारसँग समन्वय गरी यथासक्य चाँडो सञ्चालनमा ल्याईनेछ।

२. जहदा गाउँपालिलकाबाट प्रवाह हुने सम्पूर्ण सार्वजनिक सेवाहरु एकै स्थानबाट प्रवाह गर्ने उदेश्यका साथ निर्माधिण प्रशासकीय भवनको निर्माण कार्यलाई यसै आ.व.मा सम्पन्न गरी पूर्ण रुपमा सेवा प्रवाह गरी थप भौतिक पूर्वाधार निर्माणका लागि प्रदेश सरकारको समन्वयमा श्रोत सुनिश्चित गरिनेछ।

३. यस जहदा गाउँपालिका भित्र रहेका सम्पुर्ण संथाल बासिन्दाहरुको जातीय पहिचान र सस्कृतिको संरक्षणका निमित्त गाउँपालिकाको गौरवमय योजनाको रुपमा रहेको वडा नं. ७ मा पर्ने निर्माणधिन संथाल संग्रहालय भवन निर्माण कार्य यसै आ.व.मा सम्पन्न गरी सन्थाल समुदायको सक्रिय सहभागितामा सन्थाल संग्राहलयलाई सञ्चलान गर्ने प्रवन्ध मिलाईनेछ ।

४. जहदा गाउँपालिका वडा नं. ५ स्थित लक्ष्मिनिया चौकको सौन्दर्यकरण गर्नका लागि प्रदेश तथा संघिय सरकार सँग समन्वय गरी योजना सञ्चालन गरिनेछ।

५. गाउँपालिकाको विकास निर्माण तथा पूर्वाधारको कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कानूनको परिपालनमा जोड दिईनेछ ।

६. गाउँपालिकाबाट प्रदेश मुकाम र अन्य गाउँपालिका जोडने सडकहरुलाई कालोपत्रे गर्न प्राथमिकता दिदै श्रोतले भ्याएसम्म कालोपत्रे गरिने र गाउँपालिकाको श्रोतले नभ्याएमा ठूला ठुला सडकहरु कालोपत्रे गर्नका लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

७. गाउँपालिकाबाट योजना निर्माण गर्दा आवश्यकता र नागरिकको मागमा आधारीत योजनाहरुलाई प्राथमिकतामा राखि बजेटमा समावेश गर्दै लगिनेछ ।

८. गाउँपालिका भित्र विभिन्न वडाहरु जोडने लोहोन्द्रा खोलामा झोलुंगे पुल निर्माणाका लागि सम्बन्धित निकायमा माग गरी प्रक्रिया अगाडि बढाइने छ ।

९. हालसम्म विस्तृत योजना प्रतिवेदन तयार भएका योजनाहरुलाई संघीय र प्रदेश सरकारका सम्बन्धित निकायमा पेश गरी ठूला पूर्वाधार तयार गर्ने नीति अवलम्बन गरिनेछ ।

१०. भातिगछ्देखिं लक्ष्मिनियाँचोक जाने सडक खण्डमा पर्ने जुडीखोला र झुँगिया खोलामा रहेका फलामे पूल रहेको स्थानमा पक्की पूल निर्माणका लागि डि.पि.आर.तयार गरी संघीय सरकार र प्रदेश सरकारसँग पूल निर्माणकालागि बजेटको ब्यवस्था गर्न पहल गरिनेछ ।

(ख) शिक्षा तथा खेलकुद सम्बन्धी नीतिः

१. विद्यालय अनुगमन प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सम्पुर्ण विद्यालयमा सि.सि.टि.भि. जडान र ई-हाजिरीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२. ग्रामीण क्षेत्रका विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्नका लागि दरवन्दी स्वीकृत भएका विद्यालयहरुमा शिक्षक छनौट प्रकृयालाई अघि बढाईनेछ ।

३. बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीहरुको मनोबल बढाउन पालिकावाट थप दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि वडा नं. ४ को ऐलानी सरकारी जग्गामा तयार गरिएको विस्तृत योजना प्रतिवेदनका आधारमा संघीय सरकार र प्रदेश सरकारसँग पहल गरी बहुउपयोगि खेलकुद मैदानको निर्माण कार्य अघि बढाईनेछ ।

५. डोम, चमार, रिषिदेव र पासवान समूदायका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती उपलब्ध गराईनेछ ।

६. जंहदा गाउँपालिका भित्र रहेका सामूदायीक विद्यालयहरूको स्तर बृद्धि गर्ने उद्देश्यका साथ उत्कृष्ट विद्यालय,उत्कृष्ट शिक्षक पुरस्कारको लागि सुचक तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

७. उच्च शिक्षा अध्ययनमा छात्र र छात्राहरुको पहुँच वृद्धि गर्नका लागि कक्षा ११ र १२ मा अध्ययनरत छात्र र छात्राहरुलाई छात्रावृत्ती कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

८. गाँउपालिकाभरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको अनुगमन निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरु जस्तै, भवन कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेञ्च, शिक्षक दरवन्दी, विज्ञान प्रयोगशालाको अवस्थावारे वस्तुगत विवरण सङ्कलन गरि सोहि आधारमा विद्यालयको भौतिक पूर्वाधारमा जोड दिईनेछ ।

९. एस.ई.ई. उत्तीर्ण भए पश्चात प्राविधिक शिक्षा पढ्न चाहने यस गाउँपालिका भित्रका गरिव जेहेन्दार पिछडिएका तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई शैलजा आचार्य पोलिटेक्निक स्मृति प्रतिष्ठानमा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रबृत्ति प्रदान गरिदै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. स्थानिय पाठ्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरुसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. उच्च शिक्षा हाँसिल गरेका जेहेन्दार विद्यार्थीहरुका लागि शिक्षक सेवा आयोग र लोक सेवा आयोग कक्षा सञ्चालन गरि सरकारी सेवामा पहुँचको अभिवृद्धि गरीनेछ ।

१३. विद्यालयमा अध्ययनरत छात्र तथा छात्राहरुको शारिरीक सुगठन, मानसिक तथा बौद्धिक विकास एवं मनोरञ्जनका लागि पालिकास्तरीय, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता,नृत्य प्रतियोगित जस्ता अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ ।

Scanned with CamScanner

**(ग) स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति:**

१. यसै आ.व. देखि वर्थिङ सेन्टर सञ्चलान भएका मझारे हेल्थपोष्ट र जहदा १ मा अवस्थित बुधनगर स्वास्थ्य चौकीमा महिला र पुरुष मेडीकल अधिकृतको माध्यमबाट स्वास्थ्य जाँचसेवाको व्यवस्था मिलाईनेछ ।

२. जहदा गाउँपालिका भित्र रहेका गरिव तथा विपन्न नागरिकहरुकालागि हाल सञ्चलानमा रहेको एम्बुलेन्सको संख्या एकलाई बढाई यस आ.व.०८३/०८४ देखि दुई वटा एम्बुलेन्स सञ्चालनमा ल्याईनेछ ।

३. ज्येष्ठ नागरिकहरुको लागि सुगर प्रेसरको औषधी सहितको घरदैलो स्वास्थ्य जाँच परिक्षण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

४. संक्रामक रोग रोकथाम तथा नियन्त्रणाको लागि खोप उपलब्धतालाई सवैको पहुँचयोग्य वनाउन संघीय सरकारको सहकार्यमा पुर्णखोप अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. गरिव तथा विपन्न महिलाहरुलाई पाठेघर अप्रेसन र गरिब तथा विपन्न नागरिकहरुलाई मोतियाविन्दु अप्रेसन वापत दिईदै आएको अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. मझारे स्वास्थ्य चौकी र बुधनगर स्वास्थ्य चौकीमा ल्याबको गुणस्तर एवं क्षमता वृद्धि गर्दै विभिन्न रोगहरुको थप परीक्षण गर्न सक्ने गरी व्यवस्थित गर्दे लगिनेछ ।

७. गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु मर्मत सम्भार गरी सर्वसुलभ आधारभुत सेवा उपलब्ध गराइनेछ।

८. "म स्वस्थ मेरो समूदाय स्वस्थ" भन्ने उक्तीलाई चरितार्थ गर्न घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिकाको मूख्य चौक वजार तथा हाटबजारहरुमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्री खरिद तथा सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१०. आम नागरिकको असल स्वास्थ्यको लागि स्वच्छ तथा सफा खानेपानी सुविधाको प्रवन्ध गर्न साझेदारी संस्था सँगको समन्वयमा मझारे स्थित खानेपानी समितिलाई सक्रियताका साथ सञ्चालन गरी स्वच्छ खानेपानी सेवाको शुरुवात गरिनेछ।

११. गरिव तथा विपन्न वर्गका परिवारका लागि सञचालन गरिदै आएको नि:शुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. गरिव तथा विपन्न परिवारका विरामीहरुलाई नेपाल रेडक्रस सोसाईटी विराटनगरसँगको समन्वयमा नि:शुल्क रगत व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयं सेविकाहरुको योगदानको उच्च कदर गर्दै विगतमा दिदै आएको प्रोत्साहन खर्च, चाँडपर्व खर्चलाई निरन्तरता दिदै अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. जहदा गाउँपालकाका विरामीहरुलाई स्वास्थ्य उपचारको लागि नेपाल सरकारले निःशुल्क तोकेको औषधिहरु र गर्भवती महिलालाई निःशुल्क रुपमा फोलिक एसिड, आईरन चक्की र क्याल्सियम चक्की वितरण गरिनेछ।

१५. संघिय सरकार र प्रदेश सरकारको सहयोगमा सञ्चालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रुपमा सञ्चालन गरीनेछ।

१६. "पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।

(घ) पर्यटन पूर्वाधार सम्बन्धी नीतिः

१. यस गाउँपालिका भित्र रहेका संथाल जातीहरुको धर्म, संस्कृति, रितिरिवाज, भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्दै संथाल जातीको उत्थान र विकासको माध्यमबाट सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

२. पर्यटकीय स्थलको संभावना भएका स्थानहरुको पहिचान गरी सौ स्थानको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

३. पालिका भित्र धार्मिक, सांस्कृतिक, कृषि प्रवर्द्धन गर्ने नीतिलाई अवलम्बन गरीदै लगिनेछ।

४. धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धनकालागि विभिन्न मठमन्दिर, चर्च, मझियानहरुको भौतिक पूर्वाधारहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

५. यस पालिकाभित्र रहेका धार्मिक मठ, मन्दिर, चर्च, संघ संस्थालाई व्यवस्थित गर्न दर्ता लगायतका प्रकृयालाई अगाडी बढाइनेछ ।साथै अधुरो रहेका धार्मिक मठ, मन्दिर, सत्संग भवन, मस्जिद, चर्च आदीको कार्य सम्पन्नका लागि यथोचित वजेटको व्यवस्था गरिनेछ ।

(ङ) कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिः

१. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई छिटो, छरीतो, सहज, सरल र प्रविधिमैत्री बनाई सेवा प्रावहको गुणस्तरीयता कायम गर्न प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिईनेछ।

२. कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम दिई दक्षता अभिवृद्धिमा जोड दिइनेछ।

३. संगठन तथा व्यवस्थापनका आधारमा दरबन्दीका कर्मचारीको पूर्ति गर्न पहल गरिनेछ ।

(च) वित्तिय व्यवस्थापन श्रोत परिचालन र आर्थिक विकास सम्बन्धी नीतिः

१. कर संकलनको क्षेत्र विस्तारका लागि राजश्व सम्भावयता अध्ययनबाट प्रास सुझावहरुलाई कार्यान्वयनमा ल्याईनेछ ।

२. गाउँपालिकाका करका श्रोतहरुः सम्पत्ती कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घर नक्सा पास दस्तुर आदि व्यवस्थापन गरी करको दायरा र संकलनमा वृद्धि गर्न पहल गरिनेछ ।

३. गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योग सञ्चालन गर्न यूवा वर्गलाई प्रविधि हस्तान्तरण एवं प्रोत्साहन तथा अनुदान सुविधा उपलब्ध गराईनेछ ।

४. गाउँपालिका स्तरका कृषि सहकारी संस्थाहरुको स्तरोन्नती तथा सञ्चालन सुधारका लागि तालिम तथा साझेदारीमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका ऐलानी जग्गाहरुको संरक्षणमा जोड दिईनेछ

Scanned with CamScanner

६. गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रमलाई मध्यकालिन खर्च संरचना (MTEF) सँग आवद्ध गर्दै लगिनेछ ।

**(छ) कृषि तथा पशु विकास सम्बन्धी नीतिः**

१. व्यवसायिक कृषि खेति गर्ने कृषकहरूलाई सिंचाईको उचित प्रबन्ध गरि कृषि उत्पादनमा वृद्धी गर्ने लक्ष्यका साथ सिंचाईका लागि ५०% अनुदानमा ईलेक्ट्रिक मोटर सहितको स्यालो ट्युवेल जडान, मिनी टिलर,पावर टिलर जस्ता कृषक सामग्री वितरण र सिंचाईका लागि विद्युत विस्तारको व्यवस्था मिलाइनेछ ।

२. धान, गँहु, मकै र तरकारी बालीको उत्पादनलाई प्रोत्साहन गर्न सहकारी संस्थासँगको साझेदारीमा कृषकहरुलाई मलखादको उचित प्रबन्ध मिलाइनेछ ।

३. व्यवसायीक कृषकहरुका लागि कृषि उत्पादनमा उल्लेखनीय बृध्दि गर्ने उद्देश्यले माटो परिक्षण ल्याव स्थापना गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

४. व्यवसायिक कृषि खेति गर्ने कृषकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउँपालिकाबाट प्राविधिक सहयोग समेत उपलब्ध गराउनेछ ।

५. किसानहरूको लागि विउ, विजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउन कृषि सहकारी संस्थाहरुको क्षमता विकास गरीनेछ ।

६. ए.आई, नश्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ ।

७. पशुपन्छीजन्य रोगहरुको रोकथाम, पशुजन्य उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रमलाई सञ्चालन गर्दै निःशुल्क रुपमा उपलब्ध गराईदै आएका औषधीहरु वितरणलाई निरन्तरता दिइनेछ।

८. जहदा गाउँपालिका भित्र रहेका कृषकहरुको तथ्यांक अभिलेखका लागि संघिय सरकारको नीति अनुसार कृषकहरुको सूचिकृत कार्यलाई निरन्तरता दिइनेछ ।

९. पशु रोग नियन्त्रणका लागि गा.पा.स्तरीय भेटनरी अस्पाताल स्थापना गरि सञ्चालनमा ल्याईनेछ।

**(ज) सामाजिक विकास सम्बन्धी नीतिः**

१. भूमिहिन सुकुम्वासी, भूमिहिन दलित, अव्यवस्थित बसोवासीलाई भूमिको स्वामित्व उपलब्ध गराउनका लागि राष्ट्रिय भूमि आयोगको सहकार्यमा कार्यक्रम सञ्चालन गरीने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका भित्रका विभिन्न लक्षित समुहहरुको जिवनस्तर वृद्धि हुने गरी स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. गाउँपालिका भित्रका विपन्न समूहलाई लघु व्यवसाय सञ्चालन गर्न प्रविधि हस्तान्तरण तथा सीप प्रदान गरिनेछ।

४. यस गाउँपालिकाभित्र अपाङ्गता भएका नागरिकहरू मध्ये पँहिलो काई प्राप्त अपाङ्गता भएका नागरिकहरुलाई जीवनयापन खर्च वापत वार्षिक एकमुष्ठ सहयोग रकम दिईने व्यवस्था मिलाइनेछ।

Scanned with CamScanner

५. बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न गाउँपालिकामा बाल अधिकार समिति गठन गरी बालकोषको स्थापना गरिनेछ ।
६. महिला सुत्केरी भई लगातार २ छोरी जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
७. गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरुले सञ्चालन गरीने शिपमुलक तालिम तथा कार्यक्रमहरु कार्यपालिकाबाट स्वीकृत गराई गाउँपालिकाको समन्वयमा सञ्चालन गरीने नीति अवलम्वन गरिनेछ ।
८. गाउँपालिका भित्र शिपमुलक तालिम लिएका व्यक्तिहरुको अभिलेख तयार गरी सोही अनुसारको व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।
९. अपाङ्ग नागरिकहरुको संरक्षण र विकासका लागि सिपमुलक तालिम दिई प्रविधि हस्तानतरण गर्ने व्यवस्था मिलाइनेछ।
१०. विपन्न र असहाय वर्गलाई दिइदै आएको काजक्रिया खर्चलाई निरन्तरता दिइनेछ ।
११. लैगिक हिंसा, बाल बिवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, दहेज प्रथा छुवाछुत जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि सचेतनामुलक तालिम सञ्चालन गरिनेछ।
१२. वेरोजगार युवाहरुलाई आत्मनिर्भर बनाउन ट्र्याक्टर ड्राइभिङ्ग तालिमको व्यवस्था मिलाइनेछ ।

**(झ) विपद् व्यवस्थापन नीति:**

१. विपद् पूर्व तयारी योजना र विपद प्रतिकार्य योजना अनुरुप विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरि कार्यविधि अनुसार प्रभावकारी कार्यान्वयन गरिनेछ ।
२. आगलागी तथा वाढी पहिरो विषयमा चेतना अभिवृद्धि तथा अभिमुखीकरण गरी विपद व्यवस्थापनका निम्ति पूर्व तयारी सामाग्रीको व्यवस्था गरीनेछ ।
३. जुनसुकै प्रकारका विपदको रोकथाम, उपचार र प्रवर्द्धनमा रेडक्रस र सहास नेपाल लगायत नीजि क्षेत्रसंगको सहकार्यमा थप कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
४. नेपाल रेडक्रस सोसाइटी (रेडक्रस रेडी) सँगको साझेदारीमा नदी नियन्त्रण सम्वन्धी कार्य सञ्चालन गरिनेछ ।
५. विपद व्यवस्थापन कार्यको लागि आवश्यक रकम व्यवस्थापन गरिनेछ ।
६. बिराटनगर महानगरपालिका संगको साझेदारीमा जहदा गाउपालिकाका बासिन्दाको लागि दमकलको व्यवस्था गरिनेछ ।

**(ण) वातावरण सम्वन्धी नीति:**

१. खोला किनार तथा भुक्ष्य हुने क्षेत्रमा बृक्षारोपण गर्ने कार्य अघि बढाईनेछ ।
२. यस गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका बनाउन निजी क्षेत्रको सहकार्यमा फोहोरमैला व्यवस्थापन तथा सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।
३. जलवायु परिवर्तन सम्वन्धी सुचेतनामुलक तालिम सञ्चालन गरिनेछ ।

Scanned with CamScanner

४. वर्षा याममा बाढीबाट हुन सक्ने क्षति न्युनिकरण तथा पूर्व तयारीका लागि मल्टी हजार्ड साईरन जडान गरी स्वयं सेवकहरुलाई पूर्व तयारी तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिका भित्र उपयुक्त स्थानमा आर्य घाटहरुको निर्माण गर्ने र निर्माण भएका आर्यघाटहरुको स्तरोन्नती गर्दै लगिने छ ।

**(ट) सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिः**

१. गाउँपालिका तथा अन्तर्गत रहेका कार्यालयहरुबाट छिटो, छरितो र सुलभ रुपमा सेवा प्रवाह गर्नका लागि सम्पूर्ण कार्यालयहरुलाई जनममुखी प्रविधिमैत्री बनाइनेछ ।

२. सूचनाको हकको सुनिश्चितताको लागि कार्यालयले सम्पादन गरेको कार्यहरुको स्वतः प्रकाशन गर्ने कार्यलाई नियमितता दिइनेछ ।

३. जनतासँग सरकारको साक्षात्क्षरका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. जहदा निवासी आमनागरिकहरुलाई जहदा गाउँपालिकाको विस्तृत विवरणसँग सू-सूचित गराउनका निमित्त स्मार्ट डिजिटल प्रोफाइल तयार गरीनेछ ।

५. सार्वजनिक सेवा प्रदायक संस्थाहरुबाट प्रवाह हुने सेवाको अनुगमनलाई प्रभावकारी वनाउन गाउँपालिका अन्तर्गत रहेका विभिन्न विद्यालयहरु, स्वास्थ्यचौकीहरु र वडा कार्यालयहरुमा जडान भएको सि.सि. टिभी क्यामेरालाई एकिकृत प्रणाली मार्फत गाउँपालिकाको सम्बन्धित शाखाबाट निगरानी गर्ने व्यवस्था मिलाईनेछ ।

## आ व २०८३/०८४ को दोश्रो गाउँ सभाको एघारौं अधिवेशन बैठकको उदघाटन सत्रबाट पारित भएका निर्णयहरु

प्रस्ताव नं. १-आ.व. २०८३/०८४ को वार्षिक नीतिहरु सम्बन्धमा ।

निर्णय नं. १.- जहदा गाउँपालिकाको प्रस्तुत आ.व. २०८३/०८४ को वार्षिक क्षेत्रगत नीतिहरु सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २- अगामी आ.व. २०८३/०८४ को अनुमानित आय र व्यय सम्वन्धमा ।

निर्णय नं. २- यस जहदा गाउँपालिकाको अगामी आ.व. २०८३/०८४ को आय र व्यय सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३- लेखा समितिको गठन सम्बन्धमा ।

निर्णय नं. ३ - जहदा गाउँपालिकाको कामकारवाही तथा आर्थिक कारोवारमा पारदर्शिता, जवाफदेहिता, मितव्ययीता र विधिको पालनालाई प्रवर्धन गरी आर्थिक अनुशासनमा सहयोग पुर्याउने उद्देश्यले जहदा गाउँपालिकाको लेखा समिति गठन तथा कार्य संचालन कार्यविधि, २०८२ को परिच्छेद-२ को दफा ४ बमोजिम तपसिल बमोजिमको लेखा समिति गठन गर्ने सर्वसम्मत पारित गर्ने निर्णय गरियो।

तपसिलः-

१. श्री नेफ़ालाल राजवंशी - संयोजक
२. श्री आरती देवी मुसहर - सदस्य
३. श्री दिपक खनाल — सदस्य सचिव

प्रस्ताव नं. ४- आ.व. २०८१/०८२ को म.ले.प. प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. ४- लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम यस जहदा गाउँपालिकाको आ.व. २०८१/०८२ को म.ले.प. को अन्तिम प्रतिवेदन दफावार छलफलका लागि जहदा गाउँपालिकाको लेखा समिति समक्ष पेश गर्ने निर्णय गरियो ।

## अगामी आ.व.२०८३/०८४ को आय र व्यय

### अगामी आ.व.२०८३/०८४ को आय

| राजस्व तथा अनुदान रकम | | | | |
|---|---|---|---|---|
| शीर्षक | | आ.व. २०८२/०८३ को अनुमान | आ.व. २०८२/०८३ को संशोधित अनुमान | आ.व. २०८३/०८४ को अनुमान |
| ११३१३ | एकीकृत सम्पती कर | १००००० | २२३६७.४३ | १००००० |
| ११३१४ | भूमिकर/मालपोत | ३२००००० | ३७७०७५३.१५ | ४०००००० |
| ११३१७ | घर बहाल कर | ५००००० | २९५८०८.६९ | ५००००० |
| ११३२२ | बहाल विटौरी कर | १३९६२०० | ४४५८०० | १३००००० |
| १४६११ | व्यवसाय कर | ७००००० | ६३५२०८.७५ | ८००००० |
| ११६९१ | अन्य कर | २००००० | ११२१५९.७५ | ३००००० |
| जम्मा कर राजश्व (क) | | ६०९६२०० | ५२८२०९७.७७ | ७०००००० |
| १४२१८ | विघुत सेवा शुल्क | ० | १८१० | ५०००० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १००००० | ३००० | ३००००० |
| १४२२१ | न्यायिक दस्तुर | ० | २५० | ३००००० |
| १४२२४ | परिक्षा शुल्क | ० | ११०५०० | २००००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ६००००० | ४९१९४२ | ७००००० |
| १४२२९ | ल्याव शुल्क | ० | ० | १००००० |
| १४२४२ | नक्सापास दस्तुर | ५००००० | ४१०२७.५ | ६००००० |
| १४२४३ | सिफारिस दस्तुर | २२००००० | २५७२०५० | २७००००० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ३१४७०० | ५५०००० |
| १४२४५ | नाता प्रम्राणित दस्तुर | ० | १५७७१० | २००००० |
| १४२४९ | अन्य दस्तुर | ५००००० | ५६९४७३.५ | ७००००० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १००००० | ११८९७५ | २००००० |
| १४२६२ | विघुत सम्बन्धी दस्तुर | ० | ६१० | ५०००० |
| १४२६५ | अन्य क्षेत्रको आय | ० | १९८० | ५०००० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना जफत | ० | १०७५० | १००००० |
| १४३१३ | धरौटी सदरस्याहा | ० | १८४०१९.५ | ५००००० |
| १४५२९ | एम्बुलेन्स सेवाबाट प्राप्त राजस्व | ० | ० | २००००० |
| १४५२९ | अन्य राजस्व | ० | ११६५५० | २००००० |
| १५१११ | वेरुजु | ० | ९५२९३ | ५००००० |
| जम्मा गैर कर राजश्व (ख) | | ४०००००० | ४७९०६४०.५ | ८२००००० |
| जम्मा आन्तरिक राजश्व (क+ख) | | १००९६२०० | १००७२७३८.२७ | १५२००००० |
| | राजश्व बाँडफाँड | | | |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन | ६०४५००० | ५९००००० | ७०००००० |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ७८४९२९९४ | ५३७०५२६४.३६ | १०८६५१००० |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २६१६४३३१ | २५४२११४८.८९ | ० |
| ११४५६ | बाँडफाँड भई प्राप्त हुने सवारी साधन कर | ८१४९००० | ५११९२९४.५१ | ९२५२८४८ |
| १४१५३ | वन रोयल्टी | ० | ११००४६.८१ | ५०००० |
| जम्मा रकम रु | | ११८८५१३२५ | ९१०५५७५४.५७ | १२४९५३८४८ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| अन्य आय | | | | |
| | गत वर्षको अनुमानित अ.ल्या.. | ११५००००० | | ८६६९१५२ |
| | जम्मा रकम रु | ११५००००० | | ८६६९१५२ |
| संघीय सरकारबाट प्राप्त अनुदान | | | | |
| १३३११ | वित्तीय समानीकरण अनुदान | १२१९००००० | ८५८५४१७० | १२५५००००० |
| १३३१२ | सर्शत अनुदान चालु | २०७३००००० | २०७०९०००० | |
| १३३१३ | शर्शत अनुदान पुँजीगत | ३२९००००० | ३२९००००० | |
| १३३१७ | समपूरक अनुदान | १८०००००० | २०००००० | |
| १३३१४ | विशेष अनुदान | १६५००००० | १०२४५००० | |
| | जम्मा रकम रु | ३९६६००००० | ३३८०८९१७० | १२५५००००० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | | | |
| १३३११ | वित्तीय समानीकरण अनुदान | ११५८८००० | ८६९१००० | ११७४०००० |
| १३३१२ | शर्शत अनुदान चालु | १६८५००० | १११२१०० | |
| १३३१३ | शर्शत अनुदान पुँजीगत | ६४००००० | ४२२४००० | |
| १३३१७ | समपूरक अनुदान | ११५००००० | ८६२५००० | |
| १३३१४ | विशेष अनुदान | ० | ० | ० |
| | जम्मा रकम रु | ३११७३००० | २२६५२१०० | ११७४०००० |
| | जम्मा आय | ५६८२२०५२५ | ४६१८६९७६२.८ | २८६०६३००० |

## अगामी आ.व.२०८३/०८४ को व्यय

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ११११९७०००. | ३.९१ | |
| १ | कृषि | ४१०००००. | ३६.६२ | |
| २ | उघोग श्रम तथा रोजगार | ११९७०००. | १०.६९ | |
| ३ | सहकारी | ३५००००. | ३.१३ | |
| ४ | जलश्रोत तथा सिंचाई | ३००००००. | २६.७९ | |
| ५ | पशुपन्छी विकास | २०५००००. | १८.३१ | |
| ६ | भूमि व्यवस्था | ५०००००. | ४.४७ | |
| २ | सामाजिक विकास | ४६१८३०००. | १६.१४ | |
| १ | शिक्षा | २१६०४०००. | ४६.७८ | |
| २ | स्वास्थ्य | १२७२९०००. | २७.५६ | |
| ३ | खानेपानी तथा सरसफाई | १२०००००. | २.६० | |
| ४ | भाषा तथा संस्कृति | १२०००००. | २.६० | |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ३२०००००. | ६.९३ | |
| ६ | युवा तथा खेलकुद | १३५००००. | २.९२ | |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३५०००००. | ७.५८ | |
| ८ | अन्य | १४०००००. | ३.०३ | |
| ३ | पूर्वाधार विकास | १०२२२००००. | ३५.७३ | |
| १ | यातयात पूर्वाधार | ७४१२००००. | ७२.५१ | |
| २ | भवन, आवास तथा सहरी विकास | ६५०००००. | ६.३६ | |
| ३ | समपुरक कोष तथा साझेदारी | १००००००००. | ९.७८ | |
| ४ | संचार तथा सूचना प्रविधि | ०. | ०.१० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सम्पदा पूर्वाधार | ११६०००००. | ११.३५ | |
| ६ | पुनर्निर्माण | ०. | ०.०० | |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | ३४५००००. | १.२१ | |
| १ | वातावरण तथा विपद व्यवस्थापन | ३४५००००. | १००.०० | |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२१९५०००. | ४.२६ | |
| १ | सुरक्षा व्यवस्थापन | २५०००००. | २०.५० | |
| २ | सुचना प्रविधि | ४६०००००. | ३७.७२ | |
| ३ | पञ्जिकरण व्यवस्थापन | ३०००००. | २.४६ | |
| ४ | कानुन तथा न्याय | १२४५०००. | १०.२१ | |
| ५ | शासन प्रणाली | २००००००. | १६.४० | |
| ७ | अनुगमन तथा मुल्याङ्कन | १५५००००. | १२.७१ | |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११०८१८०००. | ३८.७४ | |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११०८१८०००. | १००.०० | |
| | कुल जम्मा (क) | २८६०६३०००. | १००.०० | |

| संघीय र प्रदेशका अनुदानको आय र व्यय | | | | |
|---|---|---|---|---|
| सि.नं. | श्रोत | आय | व्यय | कैफियत |
| १ | संघीय सर्शत अनुदान चालु | २२८०००००.०० | २२८०००००.०० | |
| २ | संघीय सर्शत अनुदान पुँजिगत | ६६००००० | ६६०००००.०० | |
| ३ | संघीय समपुरक अनुदान | १९५००००० | १९५०००००.०० | |
| ४ | संघीय विशेष अनुदान | १८०००००० | १८०००००.०० | |
| ५ | प्रदेश सर्शत अनुदान चालु | १३४००००० | १३४०००००.०० | |
| ६ | प्रदेश सर्शत अनुदान पुँजिगत | ६५००००० | ६५०००००.०० | |
| ७ | प्रदेश समपुरक अनुदान | १२०००००० | १२००००००.०० | |
| | जम्मा रकम रु. | २९१९४००००.०० | २९१९४००००.०० | |
| | कुल जम्मा आय र व्यय | ५७८००३०००.०० | ५७८००३०००.०० | |

Scanned with CamScanner